## बर्दिवास नगरपालिका

# सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२

नगर कार्यपालिका बाट स्विकृत मितिः २०८२/०३/२९

**प्रस्तावनाः**

बर्दिवास नगरपालिका भित्रका सीपमुलक तालिम लिएका व्यक्तिहरुलाई उद्यमशिलता सँग जोडी सामुहिक रुपमा संगठित भै काम गर्ने वातावरण तयार गर्न बर्दिवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न ऐन, २०७४ को दफा ४ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिलाई बर्दिवास नगरपालिकाको "सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह गठन तथा सञ्चालन" सम्वन्धि कार्यविधि, २०८२ भनिनेछ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले बर्दिवास नगरपालिको कार्यालय सम्झनु पर्दछ ।

ग. "आर्थिक ऐन" भन्नाले बर्दिवास नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ ।

रामनमणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

घ. "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।

ङ. "समूह" भन्नाले सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह सम्झनु पर्दछ ।

**३. उद्देश्य र कार्यक्षेत्र:**

क. समूहको उद्देश्य र कार्यक्षेत्र समूहको विधानमा उललेख भए बमोजिम हुनेछ ।

ख. समूहको उद्देश्य र कार्यक्षेत्र थपघट गर्नु परेमा समूहको भेलाको निर्णयको आधारमा नगरपालिकाले स्वीकृति गर्नुपर्नेछ ।

**४. समूह गठन हुनुपर्ने:**

क. समूह गठन गर्दा समान प्रकृतिको सीपमुलक तालिम लिएका व्यक्तिहरु सदस्य रहने गरी गठन गर्नुपर्दछ ।

ख. समूह १० देखी ३० जना सम्मको हुनेछ ।

**५. सदस्यको लागि योग्यता:** समूहको सदस्य हुनको लागी देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

क. नेपाली नागरीक्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख. सीपमुलक तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

ग. कानुनीरुपमा अयोग्य नरहेको स्वःघोषणा,

**६. दर्ता प्रक्रिया:**

क. समूह दर्ताको लागी सदस्यहरुको प्रारम्भिक भेलाको निर्णय,

ख. भेलाले प्रथम बैठकबाट समूह दर्ता गर्ने निर्णय गरेको हुनु पर्ने,

ग. तालिम लिएको प्रमाणपत्र,

घ. वडाको सिफारिस,

ङ. दर्ताको लागि निवेदन र दफा ५ बमोजिम कागजात,

च. आर्थिक ऐन अनुसारको दर्ता शुल्क,

छ. विधानको २ प्रति हुनु पर्ने ।

**७. प्रमाण पत्र प्रदान गर्ने:**

क. समूह दर्ता गर्नको लागि दफा ६ बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिकामा निवेदन दर्ता भएपश्चात कार्यालयले आवश्यक जाँचवुझ गरी अनुसूची १ बमोजिमको समूह दर्ताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**८. नविकरण व्यवस्था:**

क. समूह प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ,

ख. नविकरण हुनको लागि वर्षको कम्तिमा ६ पटक बैठक बसेको हुनुपर्नेछ .

ग. लेखापरीक्षण प्रतिवेदन,

घ. PAN लिएको प्रतिलिपि,

ङ. निवेदन,

**९. विशेष व्यवस्था:**

क. यसरी दर्ता भएको समुहलाई उद्यमसिलता संग जोडन नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्नसक्नेछ ।

ख. समूले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत अन्य व्यक्ति तथा संघ संस्थाहरुवाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछ ।

ग. नगरपालिकाले समुहको विस्तृत विवरण सहितको अभिलेख तयार गर्नुपर्नेछ ।

**१०. खारेजी:**

क. समूहले उद्देश्य विपरीत गलत कार्य गरेमा कार्यालयले छानवीन गरी खारेज गर्न सक्नेछ ।

ख. समूहको भेलाले निर्णय गरी खारेजीको माग गरेमा आवश्यक जाँचवूझ गरी खारेज गर्न सक्नेछ ।

**११. व्याख्या तथा संशोधन:**

क. यस कार्यविधिको व्याख्या तथा संशोधन कार्यापालिकाले गर्ने छ ।

अनुसूची-१

वर्दिवास नगरपालिका

समूह दर्ता प्रमाण-पत्र

"सिपमूलक तालिम लिएका व्यक्तिहरुको समुह गठन तथा सञ्चालन कार्यविधि, २०८२" को दफा (७) बमोजिम ............................विषयको तालिम लिएका व्यक्तिहरुको समूह गठन गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता नं. :

मिति :

ठेगाना :

| दर्ता<br>नविकरण मिति | दर्ता/नवीकरण गर्ने<br>अधिकारीको नाम | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

रामजिग अधिकारी

प्रमुख प्रशासकीय अधिकृत